# मण्डनदेउपुर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड २ | मण्डनदेउपुर, माघ २० गते, २०७५ साल | संख्या १८

## भाग १

## ‘मण्डनदेउपुर नगरपालिका न्यायीक समिति (कार्यविधि) सम्वन्धि ऐन, २०७४” मा संसोधन

नगर सभाबाट पारित मिति: २०७५।१०।७
प्रमाणित मिति: २०७५।१०।१५

न्यायीक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न बनेको **“मण्डनदेउपुर नगरपालिका न्यायीक समिति ( कार्यविधि) सम्वन्धि ऐन, २०७४”** लाई संसोधन गर्न वाञ्छनिय भएकोले मण्डनदेउपुर नगर सभाले आफ्नो अधिकार प्रयोग गरि देहायका नियमहरु बनाएको छ ।

१. संक्षीप्त नाम र परिभाषा :

(१) यो नियमको नाम “मण्डनदेउपुर नगरपालिका न्यायीक समिति (कार्यविधि) सम्वन्धि ऐन (पहिलो संसोधन), २०७५” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **“मण्डनदेउपुर नगरपालिका न्यायीक समिति (कार्यविधि) सम्वन्धि ऐन, २०७४”** ( यस पछि मुल ऐन भनिएको) को

क) दफा दफा ५९ को उपदफा (४)मा संसोधन

ऐनको दफा ५९ को उपदफा (४) मा “यस नगरपालिकाको न्यायीक समिति अन्तरगत प्रत्येक वडामा १।१ वटा वडा स्तरिय तथा नगरमा नगर स्तरिय मेलमिलाप समिति गठन गर्न सकिने छ।” भन्ने व्यवस्था थप गर्ने ।

ख) दफा दफा ५९ को उपदफा (५) मा संसोधन

ऐनको दफा ५९ को उपदफा (५) मा “उपदफा (४) बमोजिम गठित मेलमिलाप समितिको काम कर्तव्य, अधिकार र सेवा सुविधा नगर कार्यपालिकाले कार्यविधि बनाई तोके बमोजिम हुनेछ।” भन्ने व्यवस्था थप गर्ने ।

ग) दफा दफा ५९ को उपदफा (६) मा संसोधन

ऐनको दफा ५९ मा उपदफा (६) मा “उपदफा (४) बमोजिम गठित मेलमिलाप समितिको समयावधी ४ वर्षको हुनेछ।” भन्ने व्यवस्था थप गर्ने ।

घ) मुल ऐनमा प्रयोग भएको “नालिस” भन्ने शब्दको स्थानमा “उजुरी” भन्ने शब्द राख्ने ।

आज्ञाले,

(मोहन अधिकारी)

प्रमुख प्रशासकीय अधिकृत

## “मण्डनदेउपुर नगरपालिकाको स्थानिय शिक्षा ऐन, २०७४” मा संसोधन

नगर सभाबाट पारित मितिः २०७५।१०।७
प्रमाणित मितिः २०७५।१०।१५

**“मण्डनदेउपुर नगरपालिकाको स्थानिय शिक्षा ऐन, २०७४”** लाई संसोधन गर्न वाञ्छनिय भएकोले मण्डनदेउपुर नगर सभाले आफ्नो अधिकार प्रयोग गरि देहायका नियमहरु बनाएको छ ।

१. संक्षीप्त नाम र परिभाषा : (१) यो नियमको नाम **“मण्डनदेउपुर नगरपालिकाको स्थानिय शिक्षा ऐन** (पहिलो संसोधन), २०७५” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **“मण्डनदेउपुर नगरपालिकाको स्थानिय शिक्षा ऐन, २०७४”** ( यस पछि मुल ऐन भनिएको) को

क) दफा २५ मा संसोधन

मुल ऐनको दफा २५ को “विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिबाट प्रधानाध्यपक नियुक्त गरिनेछ ।” भन्ने व्यवस्थाको सट्टामा “विद्यालय व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम ५ वर्षको लागि नगर कार्यपालिकाको कार्यालयले सामुदायिक विद्यालयको प्र.अ.मा नियुक्ती गर्नेछ ।” भन्ने व्यवस्था राख्ने ।

ख) दफा २५(२) च मा संसोधन

मुल ऐनको दफा दफा २५(२) च को “......... कार्य गरेको नपाईएमा नगर शिक्षा समितिले हटाउन सक्नेछ ।” भन्ने व्यवस्थाको सट्टामा “......... कार्य गरेको नपाईएमा स्थानिय शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले हटाउन सक्नेछ.।” भन्ने व्यवस्था राख्ने ।

ग) दफा ५०(१) मा संसोधन

मुल ऐनको दफा ५०(१) को “......... पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको रजिष्टाड्र लेखा परिक्षकबाट लेखा परिक्षण गराउनु पर्नेछ ।” भन्ने व्यवस्थाको सट्टा “......... पहिलो चौमासिक भित्र नगर कार्यपालिकाबाट

नियुक्त दर्तावाल लेखा परिक्षकबाट लेखा परिक्षण गराउनु पर्नेछ ।" भन्ने व्यवस्था राख्ने ।

घ) दफा १९ मा संसोधन

मुल ऐनको दफा १९ मा विद्यालय व्यवस्थापन समितिमा विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये विद्यालयका शिक्षकहरुको वैठकले छनोट गरेको एक जना शिक्षक सदस्यको रुपमा रहने व्यवस्था थप गर्ने ।

आज्ञाले,

(मोहन अधिकारी)

प्रमुख प्रशासकीय अधिकृत